वीरेन्द्रनगर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ६ संख्या : १५ मिति: २०८२/०२/१९

भाग-२

## लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०८२

**प्रस्तावना**

लैङ्गिक हिंसामा परेका पीडित तथा प्रभावितहरुको तत्काल उद्धार, राहत तथा पुनर्स्थापना गरी महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव तथा हिंसा जस्ता जघन्य अपराधलाई दण्डनीय बनाई प्रभावितलाई क्षतिपूर्ति दिलाउने साथै स्वास्थ्य, शिक्षा, रोजगारी र सामाजिक सुरक्षाको अवसर दिलाई लैङ्गिक समानता कायम गर्न सहयोग पुग्ने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (७) र लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली २०६७ को नियम ३ (ख) ले दिएको अधिकार प्रयोग गरी वीरेन्द्रनगर नगरपालिकाले यो कार्यविधि बनाएको छ।

### परिच्छेद-१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यालय" भन्नाले वीरेन्द्रनगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्छ।

(ख) "कोष" भन्नाले दफा ३ बमोजिमको लैङ्गिक हिंसा निवारण कोष सम्झनुपर्छ।

(ग) "पीडित" भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनुपर्छ।

(घ) "सभा" भन्नाले वीरेन्द्रनगर नगरपालिकाको नगर सभालाई सम्झनुपर्छ।

(ङ) "समिति" भन्नाले दफा ७ बमोजिमको तत्काल उद्धार तथा राहत समिति सम्झनुपर्छ

(च) "लैङ्गिक हिंसा" भन्नाले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिंसा सम्झनुपर्छ।

(छ) "नियमावली" भन्नाले लैङ्गिक हिंसा निवारण कोष सञ्चालन नियमावली २०६७ सम्झनुपर्छ।

## परिच्छेद-१

## कोषको स्थापना

**३. कोषको स्थापना, उपयोग, सञ्चालन तथा व्यवस्थापन :**

(१) नगरपालिकामा लैङ्गिक हिंसा निवारण कोष नामको एक कोष स्थापना गरिने छ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन्ः-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त रकम ,

(ग) सभाले कोष परिचालनका लागि छुट्ट्याएको रकम,

(घ) विदेशी व्यक्ति, अन्तर्राष्ट्रिय संघ, संस्था वा सरकारबाट प्राप्त रकम,

(ङ) स्वदेशी व्यक्ति वा संघ वा संस्थाबाट प्राप्त रकम,

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) नगरपालिकाले उपदफा (२) (घ) बमोजिमको रकम प्राप्त गर्दा प्रचलित कानून बमोजिम नेपाल सरकारसँग अनुमति लिनुपर्नेछ।

(४) उपदफा (१) बमोजिमको रकम नगरपालिकाले कुनै "क" वर्गको वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नेछ।

(५) कोषको खाताको सञ्चालन नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।



**४. कोषमा रकम जम्मा गर्नेः** महिला तथा बालबालिकाको हक, हितको क्षेत्रमा नगरपालिका क्षेत्रभित्र कार्यरत अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले वार्षिक रुपमा गर्ने खर्चको सभाले तोके बमोजिमको प्रतिशत बराबरको रकममा नघटाई कोषमा जम्मा गर्नु पर्नेछ।

**५. कोषको उपयोगः**

(१) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछ :-

(क) पीडितलाई तत्काल उद्धार गर्न,

(ख) पीडितलाई औषधि उपचार गर्न,

(ग) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउन,

(घ) कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्श सेवा प्रदान गर्न,

(ङ) पीडितलाई पुनर्स्थापना गराउन,

(च) पीडितको पुनर्स्थापना पश्चात निजले कुनै व्यवसाय गर्न चाहेमा सोका लागि आवश्यक पर्ने व्यवसाय स्थापना खर्च रकम मापदण्ड बनाई अनुदान (बीउ पुँजी) को रुपमा प्रदान गर्न,

(छ) लैङ्गिक हिंसा र यौनजन्य दुर्व्यवहारको कसूरबाट पीडितले प्रचलित कानून बमोजिम कसूरदारबाट प्राप्त गर्नुपर्ने क्षतिपुर्ति त्यस्तो कसूरदारको कुनै सम्पत्ति नभएको कारणबाट प्राप्त गर्न सक्ने नदेखिई अदालतको आदेश बमोजिमको रकम पीडितलाई क्षतिपूर्ति स्वरुप उपलब्ध गराउन।

(ज) पीडितको लागि समितिले तोके बमोजिमको अन्य कार्यमा।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ।

**६. कोषको रकम अन्य काममा खर्च गर्न नपाईनेः** कोषको रकम यस कार्यविधिमा लेखिए बाहेकको अन्य कार्यमा खर्च गर्न पाईने छैन।

**७. तत्काल उद्धार तथा राहत समितिको गठनः**

(१) यस कार्यविधि वमोजिम कोषको सञ्चालन तथा व्यवस्थापन गर्ने कामकाजका लागि नगरपालिकामा एक तत्काल उद्धार तथा राहत समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय वमोजिम हुनेछ।

(क) नगरपालिकाको प्रमुख - अध्यक्ष

(ख) नगरपलिकाको उपप्रमुख - सदस्य
(ग) सामाजिक विकास समितिको संयोजक - सदस्य
(घ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(ङ) सामाजिक विकास शाखा प्रमुख - सदस्य
(च) नगर प्रहरी प्रमुख - सदस्य
(छ) लैगिक हिंसा निवारणको क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाका प्रतिनिधि मध्येबाट अध्यक्षले मनोनित गरेको एकजना महिला सहित दुईजना – सदस्य
(ज) महिला, वालवालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख - सदस्य-सचिव

(३) उपदफा (२) (छ) बमोजिमको मनोनित सदस्यको पदावधि दुई बर्षको हुनेछ।

**८. समितिको काम, कर्तव्य र अधिकारः** तत्काल उद्धार तथा राहत समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः

क) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलव्ध गराउने।
ख) राहत तथा आर्थिक सहयोग सदुपयोग भए/नभएको सम्वन्धमा अनुगमन गर्ने/गराउने।
ग) लैगिक हिंसा हुन नदिनका लागि स्थानीय स्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।
घ) स्थानीय स्तरमा लैगिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न सरकारी तथा गैरसरकारी संघ, संस्था तथा निकायहरु वीच समन्वय गर्ने।
ङ) स्थानीय स्तरमा लैगिक हिंसामा परेका महिला, किशोरी तथा बालबालिकाको तत्काल उद्धार तथा संरक्षण गर्ने।
(छ) नगर क्षेत्रभित्र घटेका लैङ्गिक हिंसा सम्वन्धी घटनाको अभिलेख अद्यावधिक गर्ने,
(ञ) कोष वृद्धिका लागि स्रोतको खोजी गर्ने
(ट) लैङ्गिक हिंसा निवारण सम्वन्धी अन्य काम गर्ने/गराउने।

**९. समितिको बैठक सम्वन्धी व्यवस्थाः**

(१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।
(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।
(३) समितिको बैठक वस्नु भन्दा कम्तीमा २४ घण्टा अगाडि समितिका सदस्य-सचिवले बैठकमा छलफल हुने गरी कार्यसुची सहितको सुचना सबै सदस्यहरुलाई दिनु पर्नेछ।
(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरुको उपस्थिति भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ।



(५) समितिले बैठकमा आवश्यकता अनुसार नेपाल सरकारको कुनै कर्मचारी, पदाधिकारी वा अन्य कुनै व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।
(६) समितिको बैठक सम्वन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**१०. कोषमा रकम उपलब्ध गराउनेः** पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनका लागि नगरपालिकाले कोषको नाममा रकम निकासा गर्नेछ।

## परिच्छेद-३
## वित्तीय व्यवस्थापन

**११. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको सीमा र आधारः**

(१) यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराईनेछः

(क) पीडितलाई तत्काल उद्धार गर्नुपर्दा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा, खाना खर्च वापत प्रतिदिन तीन सय रुपैयाँ र बास बस्नु पर्ने भए सो वापत छुट्टै रकम दिनुपर्ने भएमा प्रतिदिन पाँच सय रुपैयाँको दरले बढीमा पाँच हजार रुपैयाँ,
(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधि उपचार गर्नुपर्ने भएमा एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) सँग समन्वय गरी अस्पताल आउँदा जाँदा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रतिदिन तीन सय रुपैयाँ, अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बढीमा पाँच दिनको बसोबास खर्च वापत प्रतिदिन पाँच सय रुपैयाँमा र उपचार खर्च समेत गरी बढीमा पाँचहजार रुपैयामा नवढ्ने गरी लागेको उपचार खर्च साथै पीडितसँग आश्रित बालबालिका भए बालबालिकाका लागि पनि सोही दरमा खाना खर्च उपलब्ध गराउन सकिनेछ
(ग) कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि अन्यत्र प्रेषण गर्नु परेमा पाँच हजार रुपैयाँमा नबढ्ने गरी लागेको खर्च,
(घ) कुनै व्यवसाय गर्नको लागि वीउ पूँजीको रुपमा वस्तुगत तथा नगद अनुदान स्वरुप बढीमा तीस हजार रुपैयाँ,
(ङ) पुनर्स्थापनाको लागि बढीमा पाँच हजार रुपैयाँ,
च) समितिले तोके वमोजिमको अन्य कामको लागि प्रकृति हेरी वढीमा दश हजार रुपैयासम्म दिन सकिनेछ।

(२) नगरपालिका आफैले लैङ्गिक हिंसा पीडितको लागि सुरक्षित आवास गृह सञ्चालन गरेको भए सो आवास गृह सञ्चालन गर्दा लाग्ने खर्च ।

**१२. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्नेः**

(१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडितले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई अनुसुची वमोजिमको ढाँचामा समितिमा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन उपर समितिले जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नुपर्ने देखिएमा समितिले दफा ११ को अधीनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

**१३. तत्काल रकम उपलब्ध गराउन सक्नेः**

(१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि पीडितलाई तत्काल उद्धार, औषधी उपचार, पुर्नस्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भीर तथा मानवीय क्षति हुने देखिएमा समितिको अध्यक्षले सो प्रयोजनका लागि कोषबाट पच्चीस हजार रुपैयाँमा नवढ्ने गरी मनासिव रकम सम्वन्धित पीडितलाई उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिमको अवस्था परी समितिको अध्यक्षबाट पीडितलाई रकम उपलव्ध गराइएकोमा त्यसरी रकम उपलव्ध गराइएपछि बस्ने समितिको बैठकबाट सो बिषयको अनुमोदन गराउनु पर्नेछ ।

**१४. थप रकम निकासा माग गर्न सक्नेः**

(१) समितिको नाममा निकासा भएको रकम अपर्याप्त भएमा समितिले सोको कारण खुलाई नगरपालिकासँग थप रकम माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम थप रकम माग भई आएमा नगरपालिकाले समितिको आवश्यकता र औचित्यता हेरी कोषबाट थप रकम निकासा दिन सक्नेछ ।

(३) लैङ्गिक हिंसा पीडित वा प्रभावितलाई तत्काल उद्धार तथा राहत प्रदान गर्दा कोषमा भएको रकमभन्दा बढी खर्च भएमा मनासिव कारण र प्रमाण खुलाई केन्द्रीय तत्काल उद्धार तथा राहत समितिमा थप खर्च भएको रकम माग गर्न सक्नेछ ।

## परिच्छेद-४
## विविध

**१५. छुट्टै खाता खोल्नु पर्नेः** स्थानीय तहले समितिबाट प्राप्त भएको रकम कार्यालयको नाममा कुनै वाणिज्य बैंकमा छुट्टै खाता खोली जम्मा गर्नु पर्नेछ ।



**१६. कोषको लेखा र लेखापरीक्षणः**

(१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कोषको लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

**१७. आवर्ति (रिभल्भिङ) कोषः** यो कोष आवर्ति (रिभल्भिङ) कोषको रुपमा रहनेछ ।

**१८. प्रतिवेदन पेश गर्नेः**

(१) समितिले प्रत्येक त्रैमासिक रुपमा सो समितिबाट भए गरेका काम कारवाहीको प्रतिवेदन नगरकार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(२) समितिले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सो समितिबाट अघिल्लो आर्थिक वर्षमा भए गरेका काम कारवाहीको प्रतिवेदन नगर कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

**१९. बैठक भत्ताः** समितिका अध्यक्ष वा सदस्यले सो समितिको बैठकमा भाग लिए वापत नगर कार्यपालिकाले तोकिए वमोजिमको बैठक भत्ता पाउनेछन् ।

**२०. निर्देशन दिन सक्नेः** नगर कार्यपालिकाले समितिको काम कारबाहीको सम्बन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

**२१) खारेजी र बचाउः** (१) यस कार्यविधिमा उल्लिखित नगरपालिकाबाट यस अघि भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची-१

(दफा १२ को उपदफा (१) सँग सम्बन्धित)

श्रीमान् अध्यक्षज्यू,
तत्काल उद्धार तथा राहत समिति,
वीरेन्द्रनगर नगरपालिका, सुर्खेत ।

**विषय : सहयोग उपलब्ध गराई पाउँ ।**

म............................ मा बस्ने वर्ष ............ को ................. मिति......................मा लैङ्गिक हिंसाबाट पीडित भएको छु । मेरो आर्थिक स्तर ज्यादै कमजोर रहेको छ । म उपर लैङ्गिक हिंसा ................................. भएको कारणले मेरो मानसिक/शारीरिक/सामाजिक अवस्था कमजोर भई अशक्त अवस्थामा रहेको हुनाले मलाई औषधी, उपचार/कानुनी सहायता, परामर्श/उद्धार/मनोविमर्श/स्वरोजगार/पुनर्स्थापना/अन्य ......................... कामको लागि सहयोगको आवश्यकता परेको हुँदा नगरपालिकाको लैङ्गिक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध गराईदिनु हुन यो निवेदन पेश गरेको छु ।

<u>निवेदकको</u>

दस्तखत
नाम, थर .........................
ठेगाना ...........................
मिति ............................

आज्ञाले
लक्ष्मी प्रसाद बास्कोटा
प्रमुख प्रशासकीय अधिकृत

---

लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०८२, मुल्य रू.५।-